म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२४ मंगलबार, १७ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 31 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।**

☞ सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
☞ दैनिक शारीरिक व्यायाम गरौं,
☞ स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
☞ खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
☞ नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
☞ मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
☞ सुर्ती, मदिरा र लागूऔषधवाट टाढा रहौं,
☞ नियमित स्वास्थ्य परीक्षण गराऔं,
स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

### सम्भावित आकार र स्रोत बाँडफाँटको प्रारम्भिक खाका तयार

# बागमती प्रदेशमा बजेट निर्माण प्रक्रिया सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट निर्माण प्रक्रिया औपचारिक रुपमा सुरु गरेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान तथा मूल्यांकन सम्पन्न गर्दै बजेट तयारीको गृहकार्य अघि बढाएको हो । बजेट स्रोत व्यवस्थापन समितिको बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थाको समीक्षा गर्दै आगामी बजेटको सम्भावित आकार र स्रोत बाँडफाँटको प्रारम्भिक खाका तयार गरेको हो । समितिमा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको नेतृत्वमा मन्त्रालयका निमित्त सचिव नुमानन्द अधिकारी, बजेट महाशाखा प्रमुख तथा नेपाल राष्ट्र बैंकका निर्देशक सदस्य रहेका छन् ।



आगामी आर्थिक वर्षको बजेट चालु वर्षको तुलनामा घट्ने देखिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री तामाङकाअनुसार करिब १७ अर्ब रुपैयाँ अर्थात् २५ दशमलव ८९ प्रतिशतले बजेट घट्ने अनुमान गरिएको छ । आगामी वर्षका लागि करिब ५० अर्ब रुपैयाँ हाराहारीमा बजेट ल्याउने तयारी भइरहेको बताइएको छ । हाल प्रदेश सरकारले चालु आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ तर, स्रोतको संकुचनका कारण आगामी वर्ष ५० अर्ब रुपैयाँभन्दा बढीको बजेट ल्याउन सक्ने अवस्था नरहेको मन्त्री तामाङले स्पष्ट पारेका छन् ।

प्रदेशको बजेटमा सबैभन्दा ठुलो हिस्सा राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको रहने अनुमान गरिएको छ । यस शीर्षकबाट ३० अर्ब ८९ करोड रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ, जुन कुलबजेटको आधाभन्दा बढी हो । संघीय सरकारबाट प्राप्त हुने अनुदान पनि घट्ने संकेत देखिएको छ । आगामी वर्ष विभिन्न शीर्षकमा संघीय अनुदानतर्फ १३ अर्ब ८१ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यस्तै आन्तरिक आयबाट चार अर्ब १२ करोड रुपैयाँ मात्रै संकलन हुने प्रक्षेपण गरिएको छ ।

मन्त्री तामाङकाअनुसार चालु आवपछि करिब पाँच अर्ब रुपैयाँ नगद मौज्दातमात्र बाँकी रहने भएकाले बजेटको आकार खुम्चिने अवस्था सिर्जना भएको हो । मन्त्री तामाङकाअनुसार जेनजी आन्दोलन, विपद् व्यवस्थापनको दबाब र निर्वाचनलगायतका कारणले राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ । यसका साथै संघीय सरकारबाट प्राप्त हुने अनुदानमा भइरहेको निरन्तर कटौतीले प्रदेशको बजेट निर्माणमा ठूलो चुनौती थपेको उनले बताए । प्रदेश सरकारले खर्च गर्न नसकेको २ अर्ब रुपैयाँभन्दा बढीको अनुदान रकम संघीय सरकारलाई नै फिर्ता गर्नुपर्ने अवस्था रहेकाले पनि उपलब्ध स्रोतमा थप संकुचन आएको उनले बताए ।

'हामीसँग भएका सीमित स्रोत र वर्तमान आर्थिक सूचकले ५० अर्बभन्दा ठूलो बजेट बनाउन अनुमति दिँदैनन् । त्यसैले आगामी वर्षको बजेट यथार्थपरक र प्राथमिकताका आधारमा केन्द्रित हुनेछ', उनले भने, 'स्रोत व्यवस्थापन समितिले तथ्यांक र मार्गनिर्देशनका आधारमा अब प्रदेशका विभिन्न मन्त्रालयले आआफ्नो योजना र कार्यक्रमको खाका तयार पार्नेछन् । राजस्व संकलनको लक्ष्य भेट्टाउन कठिन भइरहेको अवस्थामा प्रदेश सरकारले खर्च कटौती र उत्पादनमुखी कार्यक्रममा जोड दिनुपर्नेछ ।'

प्रदेश सरकारले आगामी वर्षको बजेट निर्माणका लागि केही दिनमा नै मन्त्रालयगतरुपमा सिलिङ पठाउने तयारी गरेको उनले बताए । मन्त्रालयहरुको सिलिङ पनि घट्ने हुँदा कुनकुन सेक्टरमा घटाउने भन्ने विषयमा गृहकार्य भइरहेको उनको भनाई छ ।

आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउन बजेट निर्माण मार्गदर्शन सहित आर्थिक मामिला तथा योजना मन्त्रालयले विभागीय मन्त्रालयलाई पत्राचारको तयारी गरेको उनले बताए ।

# मकवानपुरमा २१८ जनामा डेंगु सङ्क्रमण




साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ मकवानपुरमा चालु आर्थिक वर्षको साउन १ गतेदेखि चैत १५ गतेसम्म २१८ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार यो अवधिमा ४८ जना स्क्रब टाइफस्‌बाट प्रभावित भएका छन् । डेंगु सङ्क्रमितमध्ये ११६ जना पुरुष र १०२ जना महिला छन् । सबैभन्दा बढी प्रभावित क्षेत्र हेटौंडा उपमहानगरपालिका रहेको छ, जहाँ १६९ जना सङ्क्रमित भएका छन् । यस्तै, भीमफेदी गाउँपालिकामा १७ जना, मकवानपुरगढी र मनहरी गाउँपालिकामा ९-९ जना, बकैया गाउँपालिकामा तीन जना तथा बागमती र कैलाश गाउँपालिकामा २-२ जना सङ्क्रमित भएका छन् ।

राक्सिराङ गाउँपालिकामा एकजना डेंगु सङ्क्रमित फेलापरेको छ भने अन्य जिल्लाका छ जना बिरामी पनि यहाँ उपचारका क्रममा पहिचान भएका छन् । थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकामा भने हालसम्म डेंगु सङ्क्रमण देखिएको छैन । स्क्रब टाइफसबाट हेटौंडा उपमहानगर पालिकामा सबैभन्दा बढी २६ जना प्रभावित भएका छन् । मकवानपुर गढीमा सातजना, बकैयामा चारजना तथा बागमती, कैलाश, भीमफेदी र राक्सिराङ गाउँपालिकामा २-२ जना सङ्क्रमित रहेका छन् ।

अन्य जिल्लाका दुईजना स्क्रब टाइफसका बिरामी भेटिएका छन् । जिल्ला जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेका अनुसार जनचेतनामूलक कार्यक्रम तथा लामखुट्टेले अण्डा पार्न सक्ने सम्भावित स्थानको खोजी गरी लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएकाले हाल सङ्क्रमण दर केही घटेको छ । तर, वर्षायाम सुरु भएसँगै जोखिम पुन: बढ्न सक्ने उनको भनाइ छ । 'पानी पर्ने सिजन सुरु भइसकेको छ, अब विस्तारै सङ्क्रमण दर बढ्न सक्छ,' अधिकृत घिमिरेले भने ।

तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा ८९१ जनामा डेंगु देखिएको थियो भने २०८१/८२ मा यो संख्या बढेर २ हजार ६८८ पुगेको थियो । अघिल्लो वर्षको तुलनामा गतवर्ष सङ्क्रमण दर तीनगुणाले बढेको भएपनि चालु आर्थिक वर्षमा भने केही कमी आएको देखिएको छ ।

# दैनिक ६ लाख ठेक्कामा नागढुँगा-सिस्ने सुरुङ



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/नेपालकै पहिलो ब्यावसायिक सुरुङमार्ग नागढुंगा-सिस्नेखोला सुरुङमार्ग संचालनको ठेक्का चिनियाँ कम्पनी चोङक्विङ युसिन रोड एण्ड ब्रिज्ड डेभलपमेन्ट र एआरटी कन्स्ट्रक्सन (युसिन-एआरटी जेभी) ले पाएको छ ।

नागढुंगा सुरुङमार्ग आयोजनाले सोमबार सूचना जारी चिनियाँ कम्पनीले ठेक्का पाएको जानकारी गराएको हो । ठेक्का पाउने युसिन-एआरटी जेभी नेपाल र चीनको ज्वाइन्ट भेन्चर कम्पनी हो । चोङक्विङ युसिन रोड एण्ड ब्रिज्ड डेभलपमेन्ट चीनको सरकारी स्वामित्वको पूर्वाधार निर्माण कम्पनी हो । सन् १९९८ मा स्थापना भएको यो कम्पनीले सडक, पुल, यातायात प्रणाली र इन्जिनियरिङक्षेत्रमा काम गर्दै आएको छ । एआरटी कन्ट्रक्सन नेपाली कम्पनी हो । आयोजनाका अनुसार युसिन-एआरटी जेभीले ५ वर्षका लागि कुल १ अर्ब १० करोड ४० लाख ३७ हजार ८०० रुपैयाँ (भ्याट र पीएससहित) मा ठेक्का पाएको हो ।

यो आधारमा कम्पनीले दैनिक ६ लाख ४ हजार ९५२ रुपैयाँमा ठेक्का पाएको हो । यो सुरुङमार्ग संचालनका लागि ६ चिनियाँ, ३ भारतीय र एउटा टर्कीको गरी १० कम्पनीले आवेदन दिएका थिए । तीमध्ये ७ कम्पनी प्राविधिक मूल्यांकनमा पास भएका थिए । जसमध्ये युसिन-एआरटी जेभी अनुमानित संचालन खर्चभन्दा ३७ प्रतिशत कम रकम प्रस्ताव गर्दै ठेक्का हात पारेको हो । आयोजनाले यो सुरुङ संचालनका लागि वार्षिक ३५ करोड लाग्ने अनुमान गरेको थियो । तर, युसिन-एआरटी जेभीले वार्षिक २२ करोड ८ लाख रुपैयाँमा ठेक्का पाएको हो । यो रकम सरकारले नै व्यहोर्ने छ । सुरुङमार्गमा उठेको टोल ट्याक्स सडक बोर्ड नेपालको खातामा जम्मा हुनेछ ।

आयोजनाका इन्जिनियर सञ्जय पन्थीले छनोट भएको युसिन-एआरटी जेभी अब ५ वर्षसम्म सुरुङमार्ग संचालन सम्बन्धी सबै काम गर्नुपर्ने बताए । उनकाअनुसार यो कम्पनीले ५ वर्षसम्म सुरुङमार्ग संचालन, नियमित मर्मतसम्भार, टोल उठाउने, ट्राफिक व्यवस्थापन, आपत्कालीन उद्धार, सुरुङमार्गको रेखदेखलगायत काम गर्नुपर्नेछ । आवश्यक जनशक्ति पनि उसैले व्यवस्थान गर्नुपर्नेछ ।

'सुरुङमार्ग संचालनका लागि ग्लोबल टेन्डर आह्वान गरेका थियौं । १० कम्पनीले आवेदन दिएका थिए । तीमध्ये सबैभन्दा कम प्रस्ताव गर्ने ग्लोबल टेन्डरबाट युसिन-एआरटी जेभी छनोट भएको छ,' उनले भने, 'अब ५ वर्षसम्म यही कम्पनीले सुरुङ संचालन गर्नेछ । केही दिनमै ठेक्का सम्झौता हुन्छ ।'

# छोरी बलत्कारी बाबुलाई ४५ वर्ष कैदको फैसला


साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/आफ्नै छोरी बलात्कार गरेको ठहर गर्दै जिल्ला अदालत मकवानपुरले एकजनालाई ४५ वर्ष कैद गर्ने फैसला सुनाएको छ । अदालतले पीडकबाट पीडितलाई साढे ७ लाख रुपैयाँ जरिवाना र क्षतिपूर्ति भराउने आदेश पनि गरेको छ ।




जिल्ला अदालत मकवानपुरका न्यायाधीश पूर्णिमा कोइरालाको आइतबार बसेको इजलासले हेटौंडा उपमहानगरपालिका-४ का ३९ वर्षीय बाबुलाई १० वर्षीय छोरी बलात्कार गरेको ठहर गर्दै यस्तो फैसला गरेको हो । जबरजस्ती करणी गरेकामा २० वर्ष र हाडनातामा थप २५ वर्ष गरी ४५ वर्ष कैद गर्ने फैसला सुनाएको अदालतका सूचनाअधिकारी केशवराज कौशिकले बताए । अदालतले पीडितलाई पीडकबाट उपलब्ध गराउने गरी ७ लाख रुपैयाँ जरिवाना र ५० हजार रुपैयाँ क्षतिपूर्ति गरी साढे ७ लाख रुपैयाँ उपलब्ध गराउनु पर्ने आदेश गरेको कौशिकले जानकारी दिए । गत साउन ३ गते राति घरमा उनले छोरीलाई बलात्कार गरेका थिए । बालिकाकी आमा रोजगारीका लागि विदेश गएकी छन् । बालिकाले घटनाबारे ठूलीआमालाई जानकारी गराएकी थिइन् । पीडित बालिकाका तर्फबाट ठूलोआमाले नै उजुरी दिएका थिए ।

**आकर्षक घडेरी बिक्रीमा**



हेटौंडा-१, स्वर्गलोक
अर्थोपेडिक अस्पताल
पछाडि

सम्पर्क नं.
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)



साझाकुरा

## हाम्रो कुरा

# अनावश्यक कार्यालय खारेजी

तीन दर्जनभन्दा बढी संस्थाबारे पुनरावलोकन गर्न सरकारलाई उच्चस्तरीय अध्ययन समितिले सिफारिस गरेको छ । सुशासन मार्गचित्र अध्ययन समितिले शासकीय सुधारका लागि सार्वजनिक निकायको पुनर्संरचना गर्नुपर्ने सिफारिस गरेको हो । अघिल्लो सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय महाशाखा हेर्ने सचिव गोविन्दबहादुर कार्कीको नेतृत्वमा समिति गठन गरेको थियो । यो समितिको प्रतिवेदन सार्वजनिक भएको छ । समितिले जेनजी आन्दोलनको मागअनुसार तयार पारेको प्रतिवेदनमा पूर्ववर्ती तीनवटा उच्चस्तरीय आयोगका सुझावलाई समेटेर पहिलोचरणमा १६ वटा संस्था गाभ्ने, खारेज गर्ने वा प्रदेश/स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने सिफारिस गरेको छ । सार्वजनिक निकाय पुनरावलोकन गर्न सिफारिस गर्ने प्रस्तावले सार्वजनिक प्रशासन र सुशासनबारे गम्भीर बहस जन्माएको छ । यो सिफारिस केवल संस्थागत पुनर्संरचनाको प्रश्नमात्र होइन, राज्यको सीमित स्रोतको विवेकपूर्ण उपयोग, दोहोरो कामको अन्त्य, जनउत्तरदायी शासनप्रणालीतर्फको संकेत पनि हो ।

नेपालमा दशकौँदेखि थुप्रिँदै आएका सार्वजनिक निकाय धेरै हदसम्म समयसापेक्ष पुनरावलोकनबिनै सञ्चालन हुँदै आएका छन् । कतिपय निकाय स्थापनाकालीन उद्देश्यबाट विचलित भएका छन् भने कतिपय एकअर्कासँग काम दोहोयाइरहेका छन् । यस्तो अवस्थामा ३ दर्जनभन्दा बढी निकायको औचित्यमाथि प्रश्न उठाइनु आफैँमा सकारात्मक संकेत हो । यसले 'संस्था थप्ने' संस्कृतिभन्दा 'संस्था सुधार्ने' सोचलाई अघि सारेको देखिन्छ । यो सिफारिस कार्यान्वयनतर्फ बढ्दा केही आधारभूत प्रश्नमा ध्यान दिन आवश्यक छ । पहिलो, पुनरावलोकनको मापदण्ड स्पष्ट, तथ्यमा आधारित र राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ । कुनै निकाय खारेज वा गाभ्ने निर्णय लोकप्रियताको आधारमा होइन, त्यसको कार्यसम्पादन, लागत-लाभ, र सामाजिक प्रभावका आधारमा हुनुपर्छ । दोस्रो, पुनरावलोकन प्रक्रिया पारदर्शी हुनुपर्छ । सरोकारवाला, विज्ञ, कर्मचारी र सेवाग्राहीको आवाज सुन्ने संयन्त्रबिना गरिएको निर्णय दीर्घकालीनरुपमा टिकाउ हुँदैन । बालेन नेतृत्वको विशेषता भनेकै परम्परागत राजनीतिक भाष्यभन्दा फरक, परिणाममुखी र स्पष्ट संवाद हो । यही शैलीले नागरिकमा आशा जगाएको छ । तथापि, सिफारिसमात्र पर्याप्त हुँदैन यसको कानुनी, प्रशासनिक र संघीय संरचनासँगको तालमेल कत्तिको सम्भव छ भन्ने प्रश्न उत्तिकै महत्वपूर्ण छ । धेरै सार्वजनिक निकाय संघीय सरकारअन्तर्गत् पर्छन् । त्यसैले यो पहललाई दबाब सिर्जना गर्ने सुधारवादी एजेन्डाकारुपमा बुझ्नुपर्ने हुन्छ । अर्को संवेदनशीलपक्ष कर्मचारी व्यवस्थापन हो । पुनरावलोकनको नाममा अचानक निकाय खारेज वा संरचना फेरबदल हुँदा कर्मचारीको मनोबल, रोजगारी सुरक्षा र सीप उपयोगको प्रश्न उठ्छ ।

सुधारले मानवीयपक्षलाई बेवास्ता गर्‍यो भने त्यसले प्रतिरोध र अविश्वास जन्माउन सक्छ । त्यसैले वैकल्पिक व्यवस्थापन, पुनःस्थापन र क्षमता विकासका योजना अनिवार्य हुनुपर्छ । सार्वजनिक निकाय पुनरावलोकनको सिफारिस साहसी र समयसापेक्ष कदम हो । यसले राज्य संरचनामा आवश्यक आत्मसमिक्षाको ढोका खोलेको छ । तर, यो ढोका सुधारतर्फ लैजान तथ्य, समन्वय, पारदर्शिता र संवेदनशीलताको सन्तुलन अपरिहार्य छ । यदि यो पहल नीतिगत परिपक्वता र सहकार्यसहित अघि बढ्यो भने, यसले समग्र सार्वजनिक प्रशासन सुधारको उदाहरण स्थापित गर्न सक्छ । समितिको प्रतिवेदनअनुसार कामको दोहोरोपना हटाउन, संघीयताअनुसार कार्यक्षेत्र बाँडफाँड गर्न र अनावश्यक संस्थाबाट राज्यको वित्तीय तथा प्रशासनिक बोझ घटाउन यस्तो पुनर्संरचना आवश्यक छ । प्रतिवेदनमा उल्लेख छ, मुलुक संघीय संरचनामा गएपछि संघले गर्दै आएका कतिपय काम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्छ र कुनै कालखण्डमा निश्चित प्रयोजनका लागि गठन भएका संस्था अब सान्दर्भिक नभए खारेज गर्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १८ गते बुधबार १ अप्रिल २०२६ । चतुर्दशी, चैत्र शुक्लपक्ष । चौलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:५७ सूर्यास्त ६:२१ । पूर्णिमाव्रत । विश्व मूर्ख दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# जघन्य अपराधमा 'नाबालक' आवरण र न्यायमाथि प्रश्न



✍ भोजराज संजेल
बकैया, मकवानपुर
bhojrajsanjel69@gmail.com

अपराधीले अपराध गर्दा उमेर हेर्दैन, तर कानुनले सजाय दिँदा किन उमेर हेर्छ ? यो कुनै सामान्य भावनात्मक आवेग मात्र होइन, बरु आधुनिक फौजदारी न्याय प्रणालीको सबैभन्दा ठूलो विरोधाभास र न्यायशास्त्रको मर्ममाथि तेर्सिएको एउटा गम्भीर यक्ष प्रश्न हो । पछिल्लो समय जघन्य र क्रूर प्रकृतिका अपराधहरू, विशेष गरी बलात्कार र हत्या जस्ता घटनाहरूमा १८ वर्ष मुनिका किशोरहरूको संलग्नता बढ्दो छ । तर, हाम्रो कानुनले पीडकको 'क्रूरता' लाई भन्दा उसको जन्मदर्ताको 'उमेर' लाई हेरेर सजायमा भारी छुट दिने गरेको छ । प्रश्न उठ्छ, के अपराधीको उमेर सानो हुँदैमा पीडितको घाउ सानो हुन्छ ?

कानुनी इतिहासलाई हेर्ने हो भने, बालबालिकालाई वयस्क सरह सजाय दिनु हुँदैन भन्ने अवधारणा एउटा मानवीय र कल्याणकारी सोचबाट विकास भएको हो । ल्याटिन भाषाको एउटा स्थापित सिद्धान्त छ Doli incapax, जसको अर्थ हुन्छ 'अपराध गर्न अक्षम' । यसले मान्दछ कि एउटा निश्चित उमेर नपुगेका बालबालिकामा असल र खराब छुट्याउन सक्ने मानसिक परिपक्वता हुँदैन । यही सिद्धान्तमा टेकेर नेपालको 'बालबालिका सम्बन्धी ऐन, २०७५' को दफा ३६ र 'मुलुकी अपराध संहिता, २०७४' ले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका मानेको छ । कानुनले उमेर समूह अनुसार सजायको वर्गीकरण गरेको छ– जहाँ १० वर्ष मुनिकालाई कुनै सजाय हुँदैन भने, उमेर बढ्दै जाँदा सजायको प्रतिशत थपिँदै जान्छ । तर बलात्कार वा क्रूर हत्या जस्ता जघन्य अपराधमा पनि उमेरकै आधारमा कैद छुट दिने व्यवस्थाले अन्ततः न्यायलाई नै कमजोर बनाइरहेको छ ।

कानुनले बालबालिकालाई दिने यो संरक्षण कतिपय अवस्थामा जायज होला । गरिबी, अभाव वा कसैको लहडमा लागेर गरिएका सानातिना चोरी वा कुटपिट जस्ता अपराधमा 'सुधारात्मक सिद्धान्त' लागू गरी उनीहरूलाई सुधारको मौका दिनु न्यायोचित हुन्छ । तर, जब कुरा बलात्कार वा योजनाबद्ध हत्या जस्तो जघन्य अपराधको आउँछ, तब कानुनको यो 'सुधारात्मक' दृष्टिकोण पीडितका लागि 'अन्याय' बन्न पुग्छ ।

एउटी बालिका वा महिला बलात्कृत हुँदा उनको आत्मसम्मान, शरीर र मानसिक स्वास्थ्यमा पर्ने गहिरो चोट पीडकको उमेर हेरेर कम हुँदैन । पीडितले जीवनभर एउटा भयानक नर्क भोग्नुपर्ने, तर पीडकले 'नाबालक' को ट्याग भिरेर केही वर्षमै उन्मुक्ति पाउने कुरा प्राकृतिक न्यायको सिद्धान्त विपरीत छ । यदि कुनै १७ वा १८ वर्ष पुग्नै लागेको किशोरले योजनाबद्ध तरिकाले कसैको अस्मिता लुट्छ वा कसैको ज्यान लिन्छ भने, उसमा आपराधिक मानसिकता पूर्ण रूपमा विकास भइसकेको हुन्छ । यस्तो अवस्थामा उसलाई 'अबोध बालक' को दर्जा दिनु न्यायको उपहास मात्र हो ।

अन्तर्राष्ट्रिय स्तरमा पनि यो बहसमा ठूलो परिवर्तन आइसकेको छ । संयुक्त राज्य अमेरिकाका कतिपय राज्यहरूमा जघन्य अपराधको हकमा उमेर जतिसुकै भए पनि नाबालकलाई वयस्क सरह मुद्दा चलाउने अभ्यास गरिन्छ । बेलायतमा पनि सन् १९९३ को चर्चित 'जेम्स बल्जर हत्याकाण्ड' पछि १० र ११ वर्षका बालकहरूलाई वयस्क सरह नै मुद्दा चलाएर सजाय गरिएको थियो । भारतमा पनि सन् २०१२ को विभत्स 'निर्भया बलत्कार काण्ड' पछि कानुन संशोधन गरियो । उक्त घटनामा सबैभन्दा क्रूर भूमिका खेल्ने किशोर १८ वर्ष पुग्न केही महिना मात्र बाँकी भएकाले न्यूनतम सजाय भोगेर उम्किएपछि व्यापक विरोध भयो । फलस्वरूप भारतले १६ देखि १८ वर्ष सम्मका किशोरले जघन्य अपराध गरेमा उनीहरूलाई वयस्क सरह नै मुद्दा चलाउन सकिने गरी कानुन परिमार्जन गर्‍यो ।

तर नेपालमा हामी अझै पनि अन्धो भएर कागजको ढंगा मात्र हेरिरहेका छौँ । कतिपय घटनाहरूमा वास्तविक अपराधीहरूले उमेर सानो देखाएर सजायबाट उम्किने वा न्यूनतम सजाय मात्र भोगेर केही वर्षमै समाजमा फर्किने गरेका छन् । यसले पीडित र उनको परिवारमा झन् ठूलो असुरक्षा र मानसिक प्रताडना थपिदिएको छ ।

नेपालका बाल सुधार गृहहरूको अवस्था पनि हेर्न लायक छैन । सुधार गृहहरू कतिपय अवस्थामा सुधार गर्ने भन्दा पनि थप संगठित अपराधी उत्पादन गर्ने थलो जस्ता बनेका छन् । जघन्य अपराध गरेर त्यहाँ पुगेकाहरूले भित्रै पनि दादागिरी गर्ने, सुरक्षाकर्मीमाथि जाइलाग्ने र साना अबोध बालबालिकाहरूलाई समेत आपराधिक बाटो सिकाउने गरेका घटनाहरू पटक-पटक सार्वजनिक भएका छन् । सुधार गृहमा राखिएकाहरू छुटेपछि पुनः गम्भीर अपराधमा संलग्न भएका प्रशस्तै रेकर्डहरू नेपाल प्रहरीसँग सुरक्षित छन् । यसले सावित गर्छ कि क्रूर अपराधीहरूलाई उमेरको नाममा केवल 'सुधार' को लेप लगाएर मात्र समाज सुरक्षित हुन सक्दैन ।

अन्ततः, कानुन जड हुनु हुँदैन, यो समय र समाजको गतिशीलता अनुसार परिवर्तनशील हुनुपर्छ । सुधार र बाल अधिकार को आवरणमा जघन्य अपराधीहरूलाई उम्कने ठाउँ दिनु हुँदैन । यसका लागि निम्न बमोजिमका कानुनी सुधारहरू तत्काल आवश्यक छन्:

१. अपराधको वर्गीकरण: सबै अपराधलाई उमेरको एउटै डालोमा राख्नु हुँदैन । सामान्य अपराधमा बाल सुधार गृहकै अवधारणा लागू गरिए पनि बलात्कार, सामूहिक बलात्कार, तेजाब प्रहार र क्रूर हत्या जस्ता जघन्य अपराधमा उमेरको हद बन्देज पूर्ण रूपमा हटाउनुपर्छ ।

२. अदालतलाई स्वविवेकी अधिकार: कानुनमा यस्तो संशोधन गरिनुपर्छ जसले अदालतलाई यो अधिकार दियोस् कि, यदि कुनै नाबालिगले गरेको अपराध अत्यधिक क्रूर र योजनाबद्ध छ भने उसको मानसिक परिपक्वताको जाँच गरी वयस्क सरह नै मानेर पूर्ण सजाय तोक्न सकोस् ।

३. वैज्ञानिक उमेर प्रमाणीकरण: नागरिकता वा जन्मदर्ताको कागज सधैँ सत्य हुँदैनन् । जघन्य अपराधमा उमेर सम्बन्धी विवाद आएमा कागजातको भर मात्र नपरी अनिवार्य रूपमा अत्याधुनिक फरेन्सिक प्रविधि (जस्तै बोन एज टेस्ट) बाट उमेरको वास्तविक पहिचान गरिनुपर्छ ।

कानुनको अन्तिम लक्ष्य भनेको 'समाजमा शान्ति र पीडितलाई पूर्ण न्याय' दिनु हो । यदि कानुनले पीडकको उमेर जोगाउन खोज्दा पीडितको न्यायको कत्लेआम हुन्छ भने, त्यस्तो कानुनमा तत्काल शल्यक्रिया आवश्यक छ । अपराधीको उमेर जतिसुकै होस्, यदि अपराध जघन्य छ भने सजाय पनि जघन्य नै हुनुपर्छ । अनि मात्र कानुनी राज्यको वास्तविक आभास हुनेछ ।

# क्षमायाचनादेखि न्याय ग्यारेन्टीसम्म : दलित अधिकार कार्यान्वयनको प्रस्थानविन्दु

✍ भोला पासवान

नेपालको राजनीतिमा नयाँ दलहरूको उदयसँगै केही नयाँ भाष्य र शैलीहरू भित्रिएका छन् । यसैक्रममा रास्वपाले आफ्नो 'वाचापत्र २०८२' सार्वजनिक गर्दै एउटा यस्तो मुद्दा अघि सारेको छ, जसले दलित आन्दोलन र अधिकार कर्मीहरूमाझ आशा र संशय दुवै पैदा गरेको छ । वाचापत्रको पहिलो बुँदामै नयाँ सरकार गठन भएको पहिलो मन्त्रिपरिषद् बैठकबाट दलित समुदायमाथि भएका ऐतिहासिक अन्याय र अपमानप्रति 'औपचारिक क्षमायाचना' गर्ने र १५ दिनभित्र सुधारका कार्यक्रम ल्याउने घोषणा गरिएको छ । बालेन नेतृत्वको सम्भावित सरकारको यो कदमले सतही रूपमा सकारात्मक सन्देश दिए पनि यसको गहिराइ र कार्यान्वयनको पाटो भने विगतको 'उपेक्षाको इतिहास' सँग जोडिएर आउँछ ।

### दलित समुदायको वर्तमान अवस्था : तथ्याङ्कले बोलेको कुरूप ऐना

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले दलित समुदायको अवस्था अझै पनि चुनौतीपूर्ण रहेको देखाउँछ । देशका कुल ३८ लाख ७८ हजार ५४९ दलितमध्ये तराई-मधेशमा मात्रै १३ लाख ९० हजार ३३२ मधेशी दलितहरू छन् । कुल जनसंख्यामा दलित समुदाय १३.४ प्रतिशत छ भने कुल दलितभित्र मधेशी दलितको हिस्सा ४.९ प्रतिशत छ । जनगणना २०६८ मा १३.८ प्रतिशत रहेको दलित जनसंख्या अहिले केही घटेको देखिए पनि यस समुदायको सामाजिक-आर्थिक सूचकाङ्क भने अझै पिँधमै छ ।

नेपालको समग्र गरिबी १७.४ प्रतिशत रहेकोमा दलित समुदायमा करिब ४२ प्रतिशत मानिस गरिबीको रेखामुनि रहेका छन् । करिब ४० प्रतिशत दलित अझै पनि पूर्ण रूपमा भूमिहीन छन् । आर्थिक अवस्थाको चित्रण गर्ने अर्को सूचक 'औसत वार्षिक आय' हो । नेपालीको राष्ट्रिय वार्षिक औसत आय ८८,७८५ रुपैयाँ हुँदा दलित समुदायमा यो आधाभन्दा पनि कम ३४,१८७ रुपैयाँ मात्र देखिनुले यो समुदाय कति गहिरो आर्थिक संकटमा छ भन्ने प्रष्ट पार्छ ।

### मधेशी दलित: बहिष्करणभित्रको अर्को बहिष्करण

तराई-मधेशका दलितहरूको अवस्था पहाडी दलितको तुलनामा अझै कष्टकर छ । तथ्याङ्क अनुसार मधेशमा पहाडी दलितको साक्षरता दर ७०.३ प्रतिशत रहँदा मधेशी/तराई दलितको जम्मा ४८.१ प्रतिशत मात्र छ । १५ वर्षमाथिको उमेर समूहमा साक्षरता हेर्ने हो भने मधेशी दलित झनै तल (३७.५ प्रतिशत) छन् ।

स्वास्थ्य सेवाको पहुँचमा पनि मधेशी दलित निकै पछाडि छन् । ५७ प्रतिशत दलित महिलाको परिवार नियोजनका साधनमा पहुँच नै छैन भने मात्र ३५ प्रतिशत दलितले मात्र स्वास्थ्य उपचारमा खर्च गर्न सक्ने हैसियत राख्छन् । विद्यालय भर्ना भएका दलित बालबालिकामध्ये जम्मा १.६ प्रतिशतले मात्र प्रवेशिका (एसईई) तह पार गर्ने तथ्याङ्कले हाम्रो शिक्षा प्रणाली र सामाजिक संरचनाको विभेदकारी स्वरूपलाई उजागर गर्दछ ।

### प्रतिनिधित्वको खाडल: जनसंख्या धेरै, सत्तामा पहुँच न्यून

संवैधानिक रूपमा समानुपातिक समावेशिताको नारा दिइए पनि राज्यका नीति निर्माण तहमा दलितको प्रतिनिधित्व निराशाजनक छ । वर्तमान २७५ सदस्यीय प्रतिनिधिसभामा जम्मा १७ जना (१ प्रत्यक्ष र १६ समानुपातिक) दलित सांसद छन् । यो जम्मा ६.१८ प्रतिशत मात्र हो, जबकि जनसंख्याका आधारमा यो प्रतिनिधित्व १३.४ प्रतिशतभन्दा बढी हुनुपर्ने थियो ।

राज्यका अन्य संयन्त्रमा पनि यही अवस्था छ । समग्र निजामती सेवामा दलितको प्रतिनिधित्व २.५ प्रतिशतभन्दा कम छ । न्यायलयमा यो १ प्रतिशतमा सीमित छ भने सेनामा ८.४ र प्रहरीमा ९.५ प्रतिशतको हाराहारीमा छ । अझ अधिकृतभन्दा माथिल्लो तहमा पुग्दा दलितको उपस्थिति शून्यप्रायः छ । यसले के देखाउँछ भने, कानुनले अधिकार दिए पनि राज्यको संरचनात्मक 'गेटकिपिङ' ले दलितलाई अझै पनि शक्तिबाट बाहिरै राखेको छ ।

### संवैधानिक र कानुनी व्यवस्थाको यात्रा

नेपालमा जात व्यवस्थालाई राजकीय मान्यता दिने काम १९१० को मुलुकी ऐनले गरेको थियो । त्यसको ९० वर्षपछि २०२० सालको मुलुकी ऐनले जातीय भेदभावलाई बर्जित गर्‍यो । २०४७ को संविधानले छुवाछूतलाई दण्डनीय बनायो भने २०६३ जेठ २१ गते नेपाललाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरियो ।

वर्तमान संविधानको धारा १८ (समानताको हक), धारा २४ (छुवाछूत तथा भेदभाव विरुद्धको हक), र धारा ४० (दलितको हक) ले दलित समुदायका लागि विशिष्ट र अग्रगामी व्यवस्थाहरू गरेको छ । धारा ४० ले भूमिहीन दलितलाई एक पटक जमिन र आवासविहीनलाई बसोबासको ग्यारेन्टी गरेको छ । तर, संविधानको यो धारामा रहेको 'कानुन बनाएर कार्यान्वयन गरिने' भन्ने प्रावधान नै दलितका लागि 'अवरोध' बनेको छ । धारा २५५ ले राष्ट्रिय दलित आयोगलाई संवैधानिक अंगको रूपमा व्यवस्था गरे पनि यसलाई मुद्दाको अभियोजन र तहकिकात गर्ने अधिकार नदिँदा यो केवल 'सिफारिस गर्ने निकाय' मा खुम्चिएको छ ।

### सर्वोच्चको ऐतिहासिक परमादेश : ७ वर्षदेखिको सरकारी उपेक्षा

दलित अधिकारका सन्दर्भमा राज्य कति उदासीन छ भन्ने सबैभन्दा ठूलो प्रमाण सर्वोच्च अदालतको ७ वर्ष पुरानो आदेश हो । अधिवक्ता प्रकाश नेपालीद्वारा दायर रिट (०७५-WO-०५९९) मा न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र प्रकाशकुमार ढुंगानाको इजलासले २०७७ साल चैत्र ६ गते एउटा ऐतिहासिक निर्देशनात्मक आदेश जारी गरेको थियो ।

अदालतले आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र दलित हक अधिकार कार्यान्वयनको प्रबन्ध मिलाउन उपयुक्त संयन्त्र गठन गर्न सरकारलाई भनेको थियो । आदेशमा दलित समुदायका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरू निर्धारण गरी कार्ययोजना बनाउन, कानुनहरूको पुनरावलोकन गर्न र वार्षिक बजेट विनियोजन गर्न स्पष्ट निर्देशन दिइएको थियो । विडम्बना ! यो आदेश आएको वर्षौं बितिसक्दा पनि कुनै पनि सरकारले यसलाई कार्यान्वयन गर्ने तत्परता देखाएनन् । राज्यले अदालतको आदेशलाई समेत कसरी धोती लगाउँछ भन्ने यो ज्वलन्त र लज्जास्पद उदाहरण हो ।

### थन्किएको संसदीय कार्ययोजना (२०८०-२०८५)

नेपालको संविधानको धारा ८३ र ९७ बमोजिम गठित राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले दलितका सवालमा एउटा महत्वपूर्ण पहलकदमी लिएको थियो । राष्ट्रिय सभाबाट २०७९ चैत्र ८ गते सर्वसम्मत पारित भएको १९ बुँदे संकल्प प्रस्तावलाई कार्यान्वयन गर्न समितिले 'दलितका सवाल सम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना (२०८०-२०८५)' तयार पारेको थियो ।

तत्कालीन सभापति प्रकाश पन्थको नेतृत्वमा र माननीय भुवन बहादुर सुनारको संयोजकत्वमा गठित उपसमितिले विज्ञहरूको राय सुझाव समावेश गरी यो कार्ययोजना बनाएको थियो । यसले सातवटा मुख्य विषयक्षेत्रलाई समेटेको छ: १. संविधान संशोधन तथा परिमार्जन २. नीतिगत तथा कानुनी सुधार ३. संस्थागत र संरचनागत सुधार ४. नीति, बजेट तथा कार्यक्रमगत सुधार ५. सशक्तीकरण तथा सचेतना ६. सामाजिक अन्तरघुलन र सांस्कृतिक रूपान्तरण ७. कार्ययोजना कार्यान्वयन र अनुगमन 'कसैलाई पछाडि नपार्ने' (Leaving No One Behind) भन्ने दिगो विकास लक्ष्यको मूल मर्मलाई आत्मसात गरिएको यो कार्ययोजनाको आयु अब २ वर्ष मात्र बाँकी छ । तर, दुर्भाग्य ! सरकारले नै बनाएको र संसदले अनुमोदन गरेको यो कार्ययोजनाका लागि राज्यले आवश्यक बजेट विनियोजन गरेन ।

### संसदीय प्रतिवेदन २०८१: राष्ट्रिय दलित विकास प्राधिकरणको आवश्यकता

संघीय संसदको राष्ट्रिय सभा अन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन समिति' ले २०८१ मंसिर ४ गते एउटा ऐतिहासिक प्रतिवेदन प्रस्तुत गरेको छ । यस प्रतिवेदनले दलित समुदायको परम्परागत सीप, ज्ञान र कलालाई राष्ट्रिय पहिचानका रूपमा स्वीकार गर्दै यसको संरक्षणका लागि छुट्टै कानुनी व्यवस्थाको वकालत गरेको छ । प्रतिवेदनले संविधानको धारा ४० लगायतका मौलिक हक कार्यान्वयनका लागि हालसम्म बनेका १६ वटा कानुनहरू अपूर्ण रहेको निष्कर्ष निकाल्दै समानता र सामाजिक न्याय सुनिश्चित गर्न 'एकीकृत दलित अधिकार ऐन' को मस्यौदा समेत अघि सारेको छ ।

प्रतिवेदनले संवैधानिक अंगका रूपमा रहेको राष्ट्रिय दलित आयोग कार्यकारी भूमिकामा नभएको र विगतका विकास समितिहरू निष्क्रिय पारिएकाले दलित समुदायका लागि 'प्रशासकीय शून्यता' सिर्जना भएको औंल्याएको छ । यस समस्याको समाधानका लागि ६० लाख दलित समुदायको उत्थान र सशक्तीकरण गर्न शक्तिशाली र अधिकार सम्पन्न 'राष्ट्रिय दलित विकास प्राधिकरण' गठन गर्नुपर्नेमा समितिले विशेष जोड दिएको छ । यो प्राधिकरणले छरिएर रहेका दलित लक्षित कार्यक्रमहरूलाई एकीकृत गर्ने र राज्यको मूलधारमा यो समुदायको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

सरकारले पनि चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट (बुँदा नं. २१३) मार्फत यस्तो प्राधिकरण गठन गर्ने घोषणा गरिसकेको छ । यसका लागि सरकारले २० करोड रुपैयाँ बजेट समेत विनियोजन गरेको सन्दर्भमा, यो प्रतिवेदनले प्राधिकरणलाई तत्काल कानुनी रूप दिई कार्यान्वयनमा लैजान सरकारलाई घच्घच्याएको छ । राष्ट्रिय सभाबाट पारित १९ बुँदे संकल्प प्रस्तावको सफल कार्यान्वयन र प्राधिकरणको स्थापना नै दलित अधिकारको वास्तविक ग्यारेन्टी हुने प्रतिवेदनको मुख्य सार रहेको छ ।

### रास्वपा र बालेन नेतृत्वको सरकारका चुनौती

रास्वपाले आफ्नो वाचापत्रमा दलित समुदायले भोग्दै आएको संरचनात्मक अवरोधलाई स्वीकार गर्दै नयाँ सरकारको पहिलो सम्बोधनमै 'औपचारिक रूपमा क्षमायाचना' गर्ने घोषणा गरेको छ । बुँदा ८० मा दलित उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण र वैदेशिक रोजगारबाट फर्केकाहरूलाई विशेष अनुदान दिने उल्लेख छ । मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकले शासकीय सुधारसम्बन्धी कार्यसूची स्वीकृत गर्ने क्रममा १५ दिनभित्र औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने निर्णयलाई धेरैले सकारात्मक रूपमा लिएका छन् ।

तर, प्रश्न उठ्छ– के यो माफीले मात्र शताब्दीयौंदेखिको पीडा र वञ्चितीकरणलाई सम्बोधन गर्छ? क्यानडा, अष्ट्रेलिया र न्युजिल्याण्ड जस्ता देशहरूले आफ्ना उत्पीडित समुदायसँग माफी माग्दा त्यसलाई 'ऐतिहासिक मेलमिलाप' र 'ठूलो आर्थिक क्षतिपूर्ति' सँग जोडेका छन् । नेपालमा पनि यो माफी 'क्षतिपूर्ति सहितको माफी' हुनुपर्छ । अन्यथा यो अर्को एउटा राजनीतिक स्टन्ट वा 'नौटंकी' मात्र ठहरिने जोखिम रहन्छ ।

### अबको बाटो : शब्द होइन, ठोस कार्ययोजना

रास्वपा र बालेन नेतृत्वको सम्भावित सरकारले दलित अधिकारका सम्बन्धमा कुनै पनि ऐतिहासिक निर्णय लिँदा निम्न बुँदाहरूलाई प्राथमिकतामा राख्नु अनिवार्य छ । अब बन्ने भनिएको नयाँ सरकारले साँच्चै दलितको हित चाहन्छ भने निम्न कामहरू प्राथमिकतामा राख्नुपर्छ ।

क्रमशः पृष्ठ-३.....

# सरकारको सुशासन मार्गचित्र : सार्वजनिक निकायहरू खारेज, हस्तान्तरण र गाभिने




काठमाडौं/सुशासन मार्गचित्र सुझाव समितिले ११ वटा सार्वजनिक निकायलाई खारेज गर्न सुझाव दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा बनेको १५ सदस्यीय समितिले सार्वजनिक निकायहरूमा खारेज, गाभ्ने र हस्तान्तरण गर्न सकिने पहिचान गरेर सरकारलाई सुझाव दिएको हो ।

२०८२ पुस १४ गते प्रधानमन्त्रीस्तरीय निर्णय अनुसार, सुशासन मार्गचित्र तयार गर्न समिति गठन गरिएको थियो । उक्त समितिलाई तीन तहका सरकारले कार्यसम्पादन गर्ने क्रममा हुनसक्ने भ्रष्टाचार पहिचान गर्दै सुशासन, विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा गर्नुपर्ने नीतिगत, संस्थागत, प्रक्रियागत व्यवस्थाको सुझावसहित प्रतिवेदन पेश गर्ने कार्यादेश थियो ।

विगतमा भएका अध्ययन प्रतिवेदनहरूको सिफारिस समेतको आधारमा कार्की नेतृत्वको समितिले थप अध्ययन गरी सरकारलाई सुझाव दिएको हो । सरकारले विगतमा बनाएका निकायमा कार्य गर्न नसकेका वा अनावश्यक व्ययभार थपेका निकायलाई खारेज गर्न सिफारिस गरिएको छ । कार्यप्रकृति मिल्ने संस्थालाई एक आपसमा गाभ्ने, कामको दोहोरोपना हटाउने गरी संयोजन गर्न सुझाव दिइएको छ । प्रदेश तथा स्थानीय तहले गर्नसक्ने कार्यका लागि थप निकाय आवश्यक नभएको समितिको ठहर छ । 'कुनै कालखण्डमा निश्चित प्रयोजनका लागि गठन भएका संस्थाहरू बदलिँदो परिस्थितिमा सान्दर्भिक नहुँदा खारेज गरी सरकारको वित्तीय र प्रशासनिक व्ययभार घटाउन उपयुक्त हुन्छ,' सुशासन कार्यविधिमा भनिएको छ ।

समितिले प्राप्त गरेको कार्यादेशमा पेश गरिएको प्रतिवेदन अनुसार ११ वटा सार्वजनिक निकायलाई खारेज गर्न सुझाव दिइएको छ । नयाँ सरकारले आइतबार सार्वजनिक गरिएको सुशासन मार्गचित्रमा तीन निकायहरू गर्नसक्ने कार्यका लागि विद्यमान अर्को निकायबाट नै हुनसक्ने सुझाव दिइएको छ । बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति खारेज गर्न सुझाव दिइएको छ । यस निकायले गर्ने कार्य बौद्ध दर्शन प्रवर्द्धन सम्बन्धी कार्य लुम्बिनी विश्व विद्यालयले गर्नसक्ने र गुम्बा विकास समितिले गर्ने कार्य पुरातत्व विभागले गर्नेगरी यसलाई खारेज गर्न सकिने सुझाव पेश गरिएको छ ।

पत्रकारहरूको न्युनतम पारिश्रमिक निर्धारण समिति खारेज गर्ने सुझाव पेश गरिएको छ । नेपाल रेलवे बोर्डले गर्ने कार्य कार्य रेलवे विभागले गर्नसक्ने हुँदा रेल्वे बोर्ड आवश्यक नरहेको सुझाव पनि प्रतिवेदनमा उल्लेख छ । विगतमा सञ्चालनमा ल्याइएपनि ३ वर्षसम्म कुनै पनि काम नगरेको शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण आवश्यक नरहेको सुशासन मार्गचित्रमा उल्लेख छ । जग्गा विकास चक्रकोष खारेज गर्न पनि सुझाव दिइएको छ ।

नगर विकास समितिले गर्ने कार्यहरू स्थानीय तहबाट हुनसक्ने हुँदा उक्त निकाय आवश्यक नरहेको ठहर गरिएको छ । बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना र बुटवल मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सम्पन्न भएपछि खारेज गर्नुपर्ने सुझाव पेश गरिएको छ ।

राष्ट्रिय दुग्ध विकास वोर्डको कार्य पशुसेवा विभागले गर्न हुनसक्ने हुँदा बोर्ड खारेज गर्नुपर्ने सुझाव पेश गरिएको छ । जिल्ला निर्वाचन कार्यालयहरू खारेज गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा जिम्मेवारी हस्तान्तरण गर्न सकिने सुझाव प्रतिवेदनमा उल्लेख छ । जिल्ला निर्वाचन कार्यालय हटाउपछि समन्वयका लागि प्रदेशस्तरमा प्रदेशिक निर्वाचन कार्यालय स्थापना गर्न सकिने सरकारले सार्वजनिक गरेको सुशासन मार्गचित्रमा उल्लेख छ ।

श्रम स्वीकृति प्रणाली खारेज गर्न सिफारिस गरिए अनुसार उक्त व्यवस्थालाई श्रम मन्त्रालयले आइतबारदेखि खारेज गरेर नयाँ व्यवस्था लागु गरेको छ । वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन लेटर' (एनओसी) खारेज गर्न पनि सिफारिस गरिएको छ ।

उस्तै प्रकृतिको कार्य गर्नसक्ने अर्को निकाय सञ्चालनमा रहेको अवस्थामा सरकारी व्ययभार थप निकाय आवश्यक नहुने समितिले सिफारिस गरेको छ । एउटा निकायले गरेको कार्य अर्को उस्तै प्रकृतिको कार्य गर्ने अर्को निकायलाई हस्तान्तरण गर्न सकिने सुझाव दिइएको छ । राष्ट्रिय चुरे संरक्षण समिति कार्यक्रम कार्यान्वयन ईकाइ सलकपुर, जनकपुर, भरतपुर र लम्कीमा रहेका समितिलाई पुनर्संरचना गरी सरकारी संरचनाबाट संचालन गर्न सिफारिस गरिएको छ ।

इलाम, धनुषा, मक्वानपुर, बाँके, सल्यान, जुम्ला, कैलालीमा र हेको वनस्पती अनुसन्धान केन्द्रलाई प्रदेशमा हस्तान्तरण सुझाव दिइएको छ । विराटनगर, जनकपुर, पोखरा, सुर्खेत र धनगढीमा रहेको पशुपंक्षी रोग अन्वेषण परियोजना प्रदेशलाई हस्तान्तरण गर्न सिफारिस गरिएको छ । विभिन्न सिंचाई आयोजनाहरूलाई सम्बन्धित संघीय सिंचाई वा प्रदेश कार्यालयहरूलाई हस्तान्तरण गर्न सुझाव पेश गरिएको छ । जनताको तटबन्ध कार्यक्रमलाई सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने समितिको सिफारिसमा उल्लेख छ । विभिन्न पर्यटन संरक्षण/विकास समितिहरूलाई सम्वन्धित प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न सुझाव दिइएको छ ।

७ वटा सार्वजनिक निकायलाई एक आपसमा गाभ्नका लागि सरकारलाई सुझाव दिइएको छ । नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले समान प्रकृतिको कार्य गर्ने भएको हुँदा गाभ्ने सुझाव दिइएको छ । मुद्रण विभाग, कानून किताब व्यवस्था समिति, सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा गाभ्ने सकिने विकल्प सुझाइएको छ ।

नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा नेपाल गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभेको अवस्थमा थप प्रभावकारी हुने समितिको ठहर छ । साथै, एक आपसमा संयोजन गरेर प्राधिकरणमा रूपान्तरण गर्न सकिने विकल्प पनि देखाइएको छ । न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्न सुझाव दिइएको छ । केन्द्रीय कानून पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयसँग संयोजन गर्न भनिएको छ ।

समान प्रकृतिका क्रियाकलाप सञ्चालन गरिरहेका 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष', 'महिला स्वावलम्बन कोष', 'स्टार्टअप उद्यम कर्जा कोष अन्तर्गतको स्वरोजगार कार्यक्रमहरूलाई एकीकरण गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्न सिफारिस गरिएको छ । तराई मधेश समृद्धि कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले छुट्टै कार्यालय सञ्चालन गर्नुभन्दा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने समितिको ठहर छ ।

सरकारी खर्च कटौतीका लागि विगतमा डा. डिल्लीराज खनालको संयोजकत्वमा गठित सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन गरिएको थियो । पूर्वसचिव शंकरप्रसाद कोइरालाको नेतृत्वमा बनेको समितिले एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग अलग संरचना गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्नेसम्बन्धी अध्ययन प्रतिवेदन सरकारलाई २०८१ मा पेश गरेको थियो ।

पूर्व अर्थमन्त्री एवं अर्थसचिव रामेश्वरप्रसाद खनालको संयोजकत्वमा २०८१ सालमा अर्को सुझाव आयोग बनाइएको थियो । सरकारी कार्य प्रभावकारी एवं खर्च कटौती हुने गरी सरकारी कार्यालय तथा सार्वजनिक निकाय गाभ्ने, खारेज गर्ने तथा हस्तान्तरण गर्ने विषयमा खनाल आयोगले सुझाव पेश गरेको थियो ।

तीनवटै प्रतिवेदनका सुझावहरूमध्ये तत्काल कार्यान्वयनमा लैजान सकिने सुझावहरू समेटी प्रतिवेदन बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयको सचिव चुडामणि पौडेलको संयोजकत्वमा अर्को कार्यदल बनेको थियो । विगतमा गरिएका अध्ययनको आधारमा सुझाव कार्यान्वयन मार्गचित्र वर्तमान सरकारलाई पेश गरिएको हो ।

*(स्रोत: अनलाइनखबर)*

## दुर्गम चेपाङ गाउँमा स्वास्थ्य इकाई सञ्चालनमा

# ९२ वर्षमा पहिलोपटक स्वास्थ्य जाँच



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/राक्सिराङ गाउँपालिका-४ स्थित विकट घोरकोटे क्षेत्रमा घोरकोटे सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा ल्याइएको छ ।

भौगोलिकरुपमा दुर्गम रहेको चेपाङ बस्तीका नागरिकलाई सहज स्वास्थ्यसेवा उपलब्ध गराउने उद्देश्यले इकाई स्थापना गरिएको हो । सोमबार आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलगायत, वडाअध्यक्ष संजय कोइरालाको उपस्थितिमा इकाईको उद्घाटन गरिएको हो । इकाई सञ्चालनका लागि बागमती प्रदेश सरकार र गाउँपालिकाबाट १०/१० लाख रुपैयाँ विनियोजन गरिएको छ । बजेटमध्ये १२ लाख रुपैयाँको लागतमा भवन निर्माणको काम अघि बढाइएको छ भने ८ लाख रुपैयाँ व्यवस्थापनमा खर्च गरिने वडा अध्यक्ष कोइरालाले जानकारी दिएका छन् ।

यसअघि यहाँका स्थानीयलाई सामान्य स्वास्थ्यसेवा लिन आफ्नै वडास्थित स्वास्थ्यचौकी पुग्न करिब दुई घन्टा र वडा नम्बर ९ को स्वास्थ्य केन्द्र पुग्न चार घन्टासम्म पैदल हिँड्नुपर्ने बाध्यता थियो । अब भने गाउँमै स्वास्थ्य सेवा उपलब्ध भएपछि स्थानीयवासीमा उत्साह देखिएको छ । इकाईबाट बिरामी जाँच, नियमित खोपसेवा, औषधि वितरण लगायत आधारभूत स्वास्थ्यसेवा प्रदान गरिनेछ । गाउँपालिकाले हालका लागि एकजना अहेब र एकजना कार्यालय सहयोगी खटाएको छ ।

हाल इकाई भाडाको भवनमा सञ्चालनमा रहेपनि चाँडै आफ्नै भवनबाट सेवादिने तयारी गरिएको छ । उद्घाटनकै दिन ९२ वर्षीय धनपति चेपाङले पहिलोपटक स्वास्थ्य संस्थाबाट उपचार सेवा लिएका थिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तथा गाउँपालिका अध्यक्षले स्वास्थ्य जाँच गराएका थिए ।

# दशैंमा थपियो अनमोलको 'बाटुलो जून', यस्तो छ पोस्टर




काठमाडौं/आगामी दशैंमा फिल्म रिलिजको चाप उच्च हुने देखिएको छ । 'छ माया छपक्कै २', '१२ गाउँ २', 'झिँगेदाउ २', 'आ बाट आमा २' र 'महाराजधिराज'ले दशैंलाई प्रदर्शन मिति तय गरिसकेको अवस्थामा अब अर्को फिल्म पनि थपिएको छ । अभिनेता अनमोल केसीको मुख्य भूमिका रहेको फिल्म 'बाटुलो जून' दशैंमा आउन लागेको हो ।

सोमबार अनमोलको जन्मदिनको अवसर पारेर निर्माण पक्षले एक पोस्टर सार्वजनिक गर्दै फूलपातीको अघिल्लो दिन अर्थात् ३० असोजलाई प्रदर्शन मिति घोषणा गरेको छ । यही मितिमा 'छ माया छपक्कै २'देखि 'झिँगेदाउ २'सम्म प्रदर्शन गर्ने तयारी भइरहेका बेला 'बाटुलो जून'ले अचानक मिति घोषणा गर्दै 'ओभरटेक' गरेपछि अब दशैंको रिलिज समीकरण बदलिन सक्ने देखिन्छ ।

फिल्मको सार्वजनिक पोस्टरमा अनमोल र उनको जोडी बनेर अभिनय गरेकी प्रिन्सी खतिवडालाई प्रस्तुत गरिएको छ । पूर्णिमाको जूनलाई पृष्ठभूमिमा राखिएको पोस्टरमा अनमोलले एक हातमा राँको बोकेका छन् भने अर्को हातले पर्खालमा उभिएकी प्रिन्सीको खुट्टा समाएका छन् । यसले ग्रामीण प्रेमकथामा फिल्म आधारित रहेको स्पष्ट संकेत गर्छ ।

अभिनेता भुवन केसीको निर्देशनमा बनेको यस फिल्मका निर्माता जीया केसी र भविष्य खड्का हुन् । जीयाले फिल्म हेरिरहँदा दर्शकले आफूलाई ३० वर्ष पहिलेको नेपाली समाजमा पाउने दाबी गरेकी छन् । 'जीवनको कुनै न कुनै समयमा प्रेमको स्पर्श गरेका जुनसुकै वर्गका दर्शकको लागि यो फिल्म समर्पित छ । फिल्मले दर्शकलाई विगत र वर्तमानको आभाष गराउनेछ,' उनले भनिन् ।

सामिप्यराज तिमिल्सेना र सरिन पोखरेलको लेखन रहेको फिल्ममा अनमोल र प्रिन्सीसँगै भुवन केसी, नेन्सी खड्का, प्रकाश घिमिरे, रेअर राई, दीपक केसी, श्वेता मिश्र, लक्ष्मी गिरी, शारदा गिरी, लक्ष्मीनाथ तिमिल्सिना, शिशिर शिवाकोटी, अर्पणा घतानी, विविका पौडेल, कमल देवकोटा लगायतको अभिनय देख्न सकिनेछ । राजेश श्रेष्ठले फिल्मको छायाँकारमा छन् ।

# सम्भव छ विद्यार्थी संगठनहरूको खारेजी ?

काठमाडौं/प्रधानमन्त्री नियुक्त भएपछि आफ्ना 'बोल्ड निर्णय' र तिनको कार्यान्वयनका लागि बालेन शाह प्रशंसित र आलोचित दुवै हुँदै आइरहेका छन् । १३ चैतमा बालेनको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले १०० वटा कामको सूची स्वीकृत गरेको थियो । उक्त सूचीमा सरकारले ६० दिन भित्र विद्यालय र विश्वविद्यालयबाट दलीय संगठन हटाउने कार्यक्रम पनि समावेश थियो ।

बालेन नेतृत्वको सरकारले ६० दिनभित्र विद्यालय र विश्व विद्यालयबाट दलीय संगठन हटाउने कार्यसूची सार्वजनिक गर्‍यो । दलीय संगठनले शैक्षिक गुणस्तरको गिरावट रोक्नका लागि उक्त कदम चाल्ने संकेत दिएको हो । सरकारले यस्ता दलीय संगठनको वैकल्पिक प्रारूपको रूपमा ९० दिन भित्र गैर दलीय 'विद्यार्थी काउन्सिल' वा 'स्टुडेन्ट भ्वाइस' जस्ता वैकल्पिक संरचना स्थापना गर्ने योजना बनाएको छ ।

सामाजिक सञ्जालहरूमा धेरैजसो नागरिकले यस कदमलाई स्वागत गरे तापनि विद्यार्थी संगठनहरूले भने असहमति जनाएका छन् । नेविसंघका निवर्तमान अध्यक्ष दुजाङ शेर्पाले चेतावनी दिँदै भनेका छन्, 'आगोको गोलामा हात नहाल्नू, ज्वालाले भष्म बनाउन सक्छ ।' नेविसंघका नेताहरूले बालेन शाहलाई 'च्याप गाउने अधिकार नेविसंघले नै दिएको' दाबी गरेका छन् । एमाले निकट अनेरास्ववियु र माओवादी निकट अखिल क्रान्तिकारीले पनि सरकारी निर्णयको विरोध गरेका छन् । तर सरकारले भने शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु आवश्यक रहेको तर्क गरेको छ ।

'शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाई ९० दिनभित्र विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्रको विकास गर्ने' कार्यसूचीमा उल्लेख छ ।

### कहाँबाट सुरू भयो विद्यार्थी संगठन ?

नेपालको विद्यार्थी आन्दोलन सुरुवातको इतिहास केलाउँदा शिक्षा सुधारको माग उठाएर सुरु भएको २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनसम्म पुग्नुपर्छ । राणा शासनविरुद्धको यो पहिलो संगठित विद्यार्थी विद्रोह थियो । २००६ सालमा अखिल नेपाल विद्यार्थी फेडेरेसन (अनेविफे) स्थापना भयो । २०२२ सालमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को जग बस्यो ।

नेपाल विद्यार्थी संघ (नेविसंघ) को औपचारिक स्थापना ६ वैशाख २०२७ मा भयो । बीपी कोइराला र कृष्णप्रसाद भट्टराईको पहलमा पञ्चायतविरुद्धको भूमिगत संघर्षका लागि यो संगठन जन्मियो । यस संगठनको पहिलो अध्यक्ष विपिन कोइराला र दोस्रो अध्यक्ष पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा थिए ।

पञ्चायतकालीन प्रतिबन्ध सहेर पनि यसले लोकतन्त्रको आवाज बनेर २०३६ सालमा, २०४६ को आन्दोलन र २०६२/६३ का जनआन्दोलनमा निर्णायक भूमिका खेल्यो । एमाले निकट अनेरास्ववियु १ जेठ २०२२ मा स्थापना भयो । माओवादी निकट अखिल क्रान्तिकारीले २०५० सालको दशकमा क्रान्तिकारी पथ अँगाल्यो । यी संगठनहरूले निरंकुशता, सामन्तवाद र राजतन्त्र विरुद्ध विद्यार्थीहरूलाई गोलबद्ध गरे । २०४६ सालको जनआन्दोलनमा विद्यार्थीहरू अग्रपंक्तिमा थिए । २०६२/६३ मा पनि उनीहरूले राजतन्त्र ढाल्न महत्त्वपूर्ण योगदान दिए । विद्यार्थी संगठन बिना नेपालको लोकतान्त्रिक यात्रा अधुरो मानिन्थ्यो ।

### बाटो बिराएको विद्यार्थी आन्दोलन

मूल मर्मअनुरूप विद्यार्थी संगठन केवल क्याम्पस राजनीति होइन, लोकतन्त्रको प्रशिक्षण केन्द्र हो । यसले युवालाई राजनीतिक चेतना, नेतृत्व क्षमता र सामाजिक न्यायको भावनामा समेट्छ । नेपालमा धेरै प्रधानमन्त्री, मन्त्री र अन्य नेतृत्वहरू उत्पादन गर्नमा विद्यार्थी संगठनको ठूलो भूमिका छ । तर लोकतन्त्र स्थापनामा महत्त्वपूर्ण योगदान दिएका यिनै संगठनहरू भने क्रमश: दलगत स्वार्थको सिकार बन्दै गए । पछिल्ला दशकमा विद्यार्थी संगठनहरूको पथभ्रष्टताले शैक्षिक वातावरण नराम्रोसँग प्रभावित गरेको छ । स्ववियु निर्वाचन, शुल्क वृद्धि वा राजनीतिक मागका नाममा तोडफोड, आगजनी र अनियमितता सामान्य बनेको छ ।

विद्यार्थी संगठनका अराजकताबाट आम नागरिक र विद्यार्थी मात्र होइन, यसका नेतृत्व पक्षहरू पनि आजित भइसकेका थिए । ३ पुस २०६६ मा तत्कालीन अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेले भ्रष्टाचारीहरूको चलखेल गर्ने थलो बनेकाले स्ववियु संरचना विघटन गर्नुपर्ने बताएका थिए । संगठनको ८औं सुनसरी जिल्ला सम्मेलनद्वारा पारित प्रस्ताव सार्वजनिक गर्न आयोजित पत्रकार भेटघाटमा न्यौपानेले स्ववियु विद्यार्थीहरूको हक-अधिकार स्थापित गराउनेभन्दा पनि भ्रष्टाचार गर्न सिकाउने अखडा बनेको भन्दै रोष पोखेका थिए ।

# क्षमायाचनादेखि न्याय ग्यारेन्टीसम्म...

सर्वोच्चको आदेश कार्यान्वयन: सर्वोच्च अदालतले २०७७ चैत्र ६ गते जारी गरेको निर्देशनात्मक आदेश (परमादेश) अनुसार ३ महिनाभित्रै दलित हक कार्यान्वयनका लागि एक शक्तिशाली संयन्त्र गठन गरी ठोस कामको सुरुवात गर्ने । बजेटरी ग्यारेन्टी: राष्ट्रिय सभाबाट पारित 'दलितका सवाल सम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना (२०८०-२०८५)' का लागि राज्यले तत्काल आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा लैजाने ।

एकीकृत दलित अधिकार ऐन: संविधानको धारा २४ र ४० को प्रभावकारी कार्यान्वयनका लागि छुट्टाछुट्टै र छरिएका कानुनभन्दा पनि सबै पक्षलाई समेट्ने गरी 'एकीकृत दलित अधिकार ऐन' निर्माण गर्ने ।

भूमिहीनताको अन्त्य: संविधानको धारा ४० को व्यवस्था बमोजिम भूमिहीन र आवासविहीन दलितको वास्तविक लगत संकलन गरी उनीहरूलाई जमिन उपलब्ध गराउने प्रक्रिया तत्काल थाल्ने ।

विशेषाधिकार र क्षतिपूर्ति: ऐतिहासिक अन्यायको क्षतिपूर्ति स्वरूप दलित समुदाय अरु सरह समान सामाजिक-आर्थिक अवस्थामा नपुग्दासम्म राज्यका हरेक क्षेत्रमा उनीहरूको 'विशेषाधिकार' सुनिश्चित गर्ने । निर्णय प्रक्रियामा मधेशी दलितको अनिवार्यता: दलित अधिकारका क्षेत्रमा गरिने कुनै पनि नीतिगत निर्णयमा केवल 'दलित' मात्र नभई दलितभित्रको पनि अति सीमान्तकृत 'मधेशी दलित' समुदायलाई निर्णय प्रक्रियाको केन्द्रमा राखिनुपर्छ ।

प्रतिनिधित्वको गम्भीर खाडल सम्बोधन: जनगणना २०७८ अनुसार मधेशी दलितको जनसंख्या कुल दलितको झण्डै एक-तिहाइ (४.९ प्रतिशत) छ । यति ठूलो हिस्सा हुँदाहुँदै पनि वर्तमान प्रतिनिधि सभामा मधेशी दलितको प्रतिनिधित्व 'शून्य' रहनु लोकतन्त्रका लागि चुनौतीपूर्ण छ । यो खाडललाई अर्थपूर्ण सहभागितामार्फत पुरा गर्नुपर्छ । विशिष्ट समस्याको पहिचान: प्रतिनिधिसभामा प्रतिनिधित्व विहीन रहेको यो अवस्थामा मधेशी दलितका विशिष्ट समस्या, भाषा, संस्कृति र आवश्यकतालाई सम्बोधन गर्न राज्यले विशेष र छुट्टै प्याकेजको पहल गर्नुपर्छ ।

संरचनागत सहभागिता: 'राष्ट्रिय दलित विकास प्राधिकरण' जस्ता नयाँ संरचनाहरू निर्माण गर्दा मधेशी दलितको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ । नीति निर्माण तहमा उनीहरूको उपस्थिति नहुँदा मुसहर, डोम, चमार, तत्मा जस्ता अति पिछडिएका समुदायका वास्तविक मुद्दाहरू ओझेलमा पर्ने खतरा रहन्छ । समावेशी लोकतन्त्रको सच्चा अभ्यास: सरकारले घोषणा गर्ने 'माफी' र 'सुधारका कार्यक्रम' केवल औपचारिकतामा सीमित नभई मधेशी दलितलाई प्रत्यक्ष निर्णय प्रक्रियामा सामेल गराएर मात्र समावेशी लोकतन्त्रको सच्चा अभ्यास र न्यायको अनुभूति गराउन सकिन्छ ।

अन्तयमा, नेपालमा दलित अधिकारका लागि कानुनको अभाव कहिल्यै रहेन । २०२० सालको मुलुकी ऐनदेखि २०६३ को छुवाछूत मुक्त राष्ट्र घोषणा र २०७२ को संविधानसम्म आइपुग्दा हामीसँग दस्तावेजका चाङ छन् । तर, कमी छ त केवल इमानदारिताको । रास्वपाले आफ्नो वाचापत्रमा देखाएको तत्परता स्वागतयोग्य छ । तर, यदि यो सरकारले पनि विगतकै सरकारहरूले जस्तै सर्वोच्चको आदेश र संसदीय कार्ययोजनालाई दराजमा थन्क्याएर केवल 'माफी' को प्रहसन मात्र गर्‍यो भने, यसले दलित समुदायमा अझ ठूलो आक्रोश र निराशा पैदा गर्नेछ ।

*(साभार: अनलाइनखबर)*

# 'मास्टर्नी'को गुपचुप छायांकन गर्दै प्रियंका, को-को छन् कलाकार ?

काठमाडौं/वेब सिरिज 'जस्ट एनदर लभ स्टोरी' र सर्ट फिल्म 'टाँक'पछि अभिनेत्री प्रियंका कार्की अब फिचर फिल्म निर्माणमा होमिएकी छन् । उनले फिल्मको नाम 'मास्टर्नी' राखेर चैत १३ गतेबाट छायांकन सुरु गरिसकेकी छन् । तीन दिन कास्की जिल्लाको एक गाउँमा छायांकन गरेर फिल्मको टिम काठमाडौं फर्किसकेको जनाइएको छ । अब बाँकी छायांकन काठमाडौंमा हुनेछ ।

प्रियंका स्वयंको मुख्य भूमिका रहेको यस फिल्ममा गौरी मल्ल, ऋचा शर्मा, आर्यन सिग्देल, अनुप विक्रम शाही, प्रमोद अग्रहरी लगायतका कलाकारहरूको पनि अभिनय रहनेछ । प्राप्त जानकारी अनुसार फिल्ममा प्रियंकाको जोडी अनुपसँग बाँधिएको छ । आयंका फिल्म्सको ब्यानरमा निर्माण भइरहेको 'मास्टर्नी'मा निर्देशकसहित धेरैजसो प्राविधिक टिम भारतीय रहेको जनाइएको छ ।

फिल्मको निर्देशकमा सुभेन्दु घोष रहेका छन् । बंगाली भाषी सुभेन्दु तिनै निर्देशक हुन्, जसले यस वर्ष अभिनेता जितु नेपाललाई लिएर फिल्म 'आइएम जितबहादुर' बनाएका थिए । यसमा प्रियंकाको पनि अभिनय रहेको छ । यही फिल्ममा काम गरेपछि उनले आफ्नो फिल्मको निर्देशनको जिम्मेवारी सुभेन्दुलाई सुम्पिने निर्णय गरेकी थिइन् ।

सुभेन्दु बंगाली फिल्मका अनुभवी निर्देशक मानिन्छन् । उनले सन् २००७ मा फिल्म 'अबेलय गरम भाट'बाट निर्देशकीय यात्रा सुरु गरेका थिए । यसपछि उनले 'भय', 'चेतोना' जस्ता बंगाली र 'चेज नो मर्सी टू क्राइम', 'मै मुलायम सिंह यादव' जस्ता हिन्दी फिल्म निर्देशन गरिसकेका छन् । उनले ९ वर्षअघि 'एभ्रिडे इज सनडे' नामक नेपाली फिल्म पनि बनाएका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### प्रदेश र संघीय सरकारबीचको सहकार्यलाई प्रभावकारी बनाइने

# सहकारी पीडितको वचत फिर्तामा सरकार संवेदनशील

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले प्रदेश र संघीय सरकारबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिएका छन् ।

सोमवारको मन्त्रीपरिषद् बैठकपछि सञ्चारकर्मीसँग कुरागर्दै मन्त्री पोखरेलले प्रदेश सरकारले भोगिरहेका समस्याको पहिचान गरी अघि बढ्ने बताएका छन् । यद्यपि यस सम्बन्धमा अहिले नै कुनै ठोस र अन्तिम योजना बनि सकेको छैन । सहकार्यको खाका तयार पार्ने काम भइरहेको उनले जानकारी दिए । प्रदेशका समस्यालाई केन्द्रसम्म पुऱ्याउने र संघीयताको मर्मअनुसार दुवै तहका सरकारबीच तादात्म्य मिलाउनु अहिलेको मुख्य आवश्यकता रहेको उनको भनाइ छ ।



देशभर चर्चामा रहेको सहकारी समस्याका सम्बन्धमा पनि सरकारले गम्भीरतापूर्वक गृहकार्य गरिरहेको मन्त्री पोखरेलले बताए । विशेष गरी सहकारीमा सानो रकम वचत गरेका र समस्यामा परेका नागरिकलाई राहत दिन सरकारले रणनीति बनाइरहेको छ । उनका अनुसार १ लाख रुपैयाँभन्दा कम वचत भएका सर्वसाधारण वचतकर्तालाई पहिलो प्राथमिकतामा राखेर उनीहरुको रकम भुक्तानी गर्ने प्रक्रियाका बारेमा सामान्य छलफल भएको छ । यद्यपि यस विषयमा मन्त्रिपरिषद् वा सम्बन्धित निकायबाट कुनै औपचारिक घोषणा वा निर्णय भइसकेको छैन ।

सरकार सहकारी पीडितका समस्याप्रति अत्यन्तै संवेदनशील रहेको र कानुनी प्रक्रिया पूरा गरी बचतकर्ताको हितमा निर्णय लिइने उनले स्पष्ट पारे । शिक्षा क्षेत्रको सुधार र विद्यार्थीको मानसिक स्वास्थ्यलाई ध्यानमा राख्दै सरकारले केही महत्वपूर्ण कदम चालेको छ । मन्त्री पोखरेलले माध्यमिक शिक्षा परीक्षा (एसईई) को तयारीमा रहेका विद्यार्थीलाई परीक्षाको दबाब र त्यसपछिको अन्योलबाट मुक्तराख्न सरकार प्रयासरत रहेको बताएका छन् । परीक्षा सकिनेबित्तिकै विभिन्न कोचिङ र ट्युसन सेन्टरले 'ब्रिज कोर्स'का नाममा विद्यार्थीलाई तानातान गर्ने र अनावश्यक आर्थिक भार थप्ने प्रवृत्ति देखिएकाले वैशाख १ गतेसम्मका लागि कक्षा ११ को तयारीका लागि सञ्चालन गरिने त्यस्ता कक्षामा रोक लगाइएको छ ।

यस निर्णयले विद्यार्थीलाई परीक्षापछि केही समय आराम गर्ने र आफ्नो भविष्यको बारेमा शान्त दिमागले सोच्ने अवसर दिने सरकारको विश्वास छ । यद्यपि, उच्चशिक्षाका लागि तयारी गरिरहेका विद्यार्थी जस्तै एमबीबीएस, इन्जिनियरिङ लगायत प्रवेश परीक्षाका कोचिङ सेन्टरलाई भने पूर्णरुपमा रोक लगाइएको छैन । त्यस्ता केन्द्रले प्रचलित कानून बमोजिम दर्ता भएर र तोकिएको मापदण्ड पालना गरेर व्यवसाय सञ्चालन गर्न पाउने मन्त्री पोखरेलले स्पष्ट पारे । शिक्षाक्षेत्रमा हुने व्यापारिकरणलाई रोक्न र कानूनी दायराभित्र ल्याउन सरकार प्रतिवद्ध रहेको उनले दोहोऱ्याए ।

**प्रतिवेदनहरूको कार्यान्वयन र कानूनी प्रक्रियामा सरकारी अडान**

सरकारले विभिन्न समयमा गठन गरेका छानबीन समिति र आयोगका प्रतिवेदनहरुलाई दराजमा थन्क्याउने नभई कार्यान्वयन गर्ने दिशामा अगाडि बढेको मन्त्री पोखरेलले दाबी गरेका छन् । विशेषगरी कार्की प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उनले सरकार स्पष्ट रहेको बताए । विगतका घटनामा संलग्न रहेका व्यक्तिलाई कानूनी दायरामा ल्याउने काम भइरहेको र यसमा कुनैपनि प्रकारको राजनीतिक प्रतिशोध नसाँधिएको उनले प्रस्ट पारे ।

राज्यका सबै निकाय र अंगले गर्ने अनुसन्धान र अदालती प्रक्रियामा सरकारको पूर्णसमर्थन र हने र त्यसमा कुनैपनि किसिमको हस्तक्षेप नहुने उनले प्रतिबद्धता जनाए । २४ गतेको घटनालाई २३ गतेको प्रतिक्रियाको रुपमा लिइए पनि त्यसमा घुसपैठ गर्ने र आपराधिक मानसिकता राख्नेहरुलाई कानून बमोजिम कारबाही गरिने उनले बताए । सरकारले कानूनी राज्यको उपहास हुन नदिने र अदालतले दिएको आदेश वा अनुमतिअनुसार पक्राउ र अनुसन्धानका काम भइरहेको उनको तर्क छ ।

### सार्वजनिक यातायात प्रणाली सुधार:

# गाडीमा क्यूआर राख्न सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ सार्वजनिक यातायात प्रणालीलाई व्यापक सुधार गर्न जरुरी रहेको सरकारी अध्ययन समितिले देखाएको छ । सरकारी कार्यदलले तयार पारेको सुशासन मार्गचित्रमा सार्वजनिक यातायात प्रणाली र सेवामा सुधार गर्न जरुरी रहेको भन्दै सरकारलाई विभिन्न सिफारिस गरेको हो ।

कार्यदलले यातायात क्षेत्रलाई प्रतिस्पर्धात्मक, व्यवस्थित र डिजिटल प्रविधिमा आधारित बनाउने उद्देश्यसहित सरकारी तथा निजी क्षेत्रको सहकार्यमा सुधार कार्यक्रम अघि बढाउने प्रस्ताव गरिएको छ । जसअनुसार सार्वजनिक यातायातमा नगदविहीन भाडाप्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पूर्वाधार तयार गर्न सिफारिस गरिएको छ । मार्गचित्रअनुसार सार्वजनिक यातायात सञ्चालनमा निजीक्षेत्रको सहभागिता बढाउन सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमा सरकारी निकाय र निजीपक्ष बीच अधिकार, दायित्व र जोखिमको स्पष्ट बाँडफाँट हुनेगरी नमूना सहमति ढाँचा तयार गरी निजी क्षेत्रसँग सेवा खरिदको पाइलट कार्यक्रम सञ्चालन गर्ने प्रश्ताव गरिएको छ ।

रोकिएको क्यूआर कोडसहितको सवारीचालक अनुमतिपत्र सुरक्षण मुद्रण केन्द्रसँगको सहकार्यमा छपाइ गरी वितरण गर्ने तथा यसको विकल्पकारुपमा डिजिटल माध्यमबाट प्रमाणित गर्न सकिने डिजिटल प्रमाणीकरण योग्य प्रमाणपत्र प्रयोग गर्न सकिने व्यवस्था गर्ने प्रस्ताव पनि गरिएको छ । त्यसैगरी विद्युतीय सवारीचालक अनुमतिपत्र तथा सवारीदर्ता प्रणाली विकास गरी सञ्चालन गर्ने, सवारीचालक अनुमतिपत्र र सवारीदर्ता प्रमाणपत्र सम्बन्धी डाटाको सुरक्षित व्यवस्थापनका लागि डाटा सेन्टर र डाटा पुन: प्राप्ति केन्द्र स्थापना गरी सञ्चालन गर्ने सिफारिस गरिएको छ ।

इम्बोस्ड नम्बर प्लेट जडान कार्यलाई निरन्तरता दिँदै थप व्यवस्थित बनाउने, यातायात क्षेत्रको रुट प्रोफाइलिङ गरी अन्तरप्रदेश रुट इजाजतलाई अनलाइन प्रणालीमा आवद्ध गर्ने प्रश्ताव पनि मार्गचित्रमा समेटिएको छ । मार्गचित्रले सार्वजनिक यातायात प्रणालीलाई प्रतिस्पर्धात्मक र डिजिटल प्रणालीमा आधारित बनाउँदै यातायात सेवालाई गुणस्तरीय बनाउने तथा यातायात क्षेत्रमा सरकारी र निजी लगानीलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने लक्ष्य अघि सारेको छ ।

यसका साथै एकीकृत यातायात प्रणाली लागू गर्ने, राष्ट्रिय राजमार्ग तथा प्रमुख रुटहरूमा ठूला बस सञ्चालन गर्ने र सहायक रुटहरूमा मझौला तथा साना सवारीसाधन चल्ने गरी बस यातायातप्रणाली पुनर्सरचना गर्ने प्रस्ताव गरिएको छ । सार्वजनिक यातायात क्षेत्रमा लगानीको सुरक्षा प्रत्याभूति गर्दै समग्र यातायात सुधार योजना लागूगर्न कार्यदलले सिफारिस गरेको छ ।

# पत्रकार महासंघको स्थापना दिवसको अवसरमा हेटौंडामा प्रभातफेरी

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/नेपाल पत्रकार महासंघको ७१ औं स्थापना दिवसको अवसरमा सोमबार हेटौंडामा प्रभातफेरी निकालिएको छ ।

पत्रकार महासंघ बागमती प्रदेश समिति र मकवानपुर शाखाको संयुक्त आयोजनामा प्रभातफेरी निकालिएको हो । प्रभातफेरी सीमाचोकबाट सुरु भएर बुद्धचोक हुँदै मकवानपुर उद्योग वाणिज्य संघ चोक पुगेको थियो र पुन: सीमाचोकमा फर्केर कोणसभामा परिणत भएको थियो । कोणसभामा महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरले वर्तमान परिस्थितिमा पत्रकारको हकहित सुरक्षित राख्दै अगाडि बढ्नुपर्ने औँल्याएका छन् । उनले मिडियामाथि भइरहेका चौतर्फी आक्रमणका बाबजुद पेशागत मर्यादा कायम राख्नुपर्नेमा जोड दिएका छन् ।



सामाजिक सञ्जाल प्रयोगकर्ता र पत्रकारबीचको भिन्नता आमनागरिकले छुट्याउन नसक्दा पत्रकारिताको विश्वसनीयता र सुरक्षामा चुनौती थपिएको बताउँदै उनले नागरिकको हकहितका लागि पत्रकारले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गरे । अध्यक्ष मगरले सात दशकभन्दा लामो इतिहास बोकेको महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, श्रमजीवी पत्रकारको हितसंरक्षण र व्यावसायिक पत्रकारिताको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए ।

त्यसैगरी, महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले नागरिक पत्रकारितालाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औँल्याए । उनले अधिकारसँगै कर्तव्य पनि जोडिने भएकाले पत्रकारले पेशागत मर्यादा कायम राख्दै सामाजिक उत्तरदायित्व पूरा गर्नुपर्नेमा जोड दिए । अध्यक्ष अधिकारीले मानवअधिकारको रक्षा, नागरिकको सही सूचना पाउने अधिकारको सुनिश्चितता तथा सार्वजनिक सरोकारका विषयमा महासंघले निरन्तर भूमिका खेल्दै आएको पनि स्पष्ट पारे ।

लोकतन्त्रसँग पत्रकारिता अभिन्नरुपमा जोडिएको उल्लेख गर्दै उनले कतिपय अवस्थामा सार्वजनिक सरोकारका विषयमा स्पष्ट अभिमत दिनु पत्रकारको जिम्मेवारी हुने धारणा राखे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, बर्तमान उपाध्यक्ष हरि हुमागाई, महासंघ मकवानपुर साखाका पूर्वअध्यक्ष राममणि दाहाल लगायतको उपस्थिति रहेको थियो ।

# विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/६९ औं राष्ट्रिय सहकारी दिवस मकवानपुरमा बिभिन्न कार्यक्रम गरी भव्यरुपमा मनाइने भएको छ ।

राष्ट्रिय सहकारी दिवस मनाउनको लागि मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूलसमारोह समिति गठन भएको छ । समितिको सदस्यमा जिल्ला सहकारी संघका सञ्चालक समितिका पदाधिकारीहरु, विषयगत सहकारी संघका अध्यक्षलगायत पदाधिकारीहरु, जिल्लास्थित सहकारी संस्थाका अध्यक्षहरु रहनेछन् । मूलसमारोह समितिको सल्लाहकारमा बागमती प्रदेश सहकारी तथा गरिवी निवारण मन्त्रालयका निमित्त सचिव उमेश दाहाल, राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्साल रहेका छन् ।

समितिको आयोजना मकवानपुर जिल्ला सहकारी संघ लगायत जिल्लास्थित विषयगत सहकारी संघको सहकार्य र बागमती प्रदेश सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा विभिन्न रचनात्मक कार्यक्रमसहित मनाइने मूल समारोह समितिले वताएको छ । सहकारी दिवसको अवसरमा चैत्र १४ गतेदेखि बिभिन्न कार्यक्रम गरिने भएको छ ।

यसवर्षको सहकारी दिवसको नारा 'उद्यमशीलता र पारदर्शिता: सहकारीको प्राथमिकता' सहित सहकारी दिवस सम्वन्धि ब्यानर सहकारी संघसंस्थाको कार्यालयमा राख्ने, मूलकार्यक्रमअन्तरगत चैत १८ गते हेटौंडाको बुद्धचोकमा बिहान ७ बजेदेखि रक्तदान, १९ गते बिहान ७ बजेदेखि हेटौंडाको चौकीटोलमा रहेको हिमालय दरवारमा 'सहकारी संरक्षण र सम्वर्द्धनमा अभियान र नियमकीय भूमिका' विषयक अन्तर संवाद गरिने भएको छ । अन्तरसंवादमा मकवानपुरका विभिन्न सहकारी संघ, संस्थाका करिव २५० जना भन्दा बढी अध्यक्ष, ब्यवस्थापकको सहभागिता रहनेछ ।

# एसईईको केन्द्राध्यक्षहरुलाई अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ विद्यालय शिक्षा परीक्षा (एसईई) नजिकिँदै जाँदा मकवानपुरमा परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन केन्द्राध्यक्षहरूका लागि अभिमुखीकरण गरिएको छ ।




शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको आयोजनामा भएको कार्यक्रममा परीक्षा सञ्चालनसम्बन्धी विविध पक्षमा छलफल गरिएको हो । सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रश्नपत्रको सुरक्षा, परीक्षा केन्द्रको संवेदनशीलता, तयारी अवस्था तथा समग्र व्यवस्थापनबारे अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा इकाइप्रमुख सुदीप गिरिले जिल्लाका २८ वटा परीक्षा केन्द्र रहेका विद्यालयको अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

यसका साथै परीक्षालाई मर्यादित र व्यवस्थित ढंगले सञ्चालन गर्ने तथा विद्यार्थी अनुशासन कायम गर्ने विषयमा केन्द्राध्यक्षहरुसँग छलफल भएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामबहादुर खत्री, सशस्त्र प्रहरी उपरीक्षक नीवनकुमार खड्कालगायत सुरक्षा निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

यसवर्षको एसईई परीक्षा चैत १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने तय भएको छ । मकवानपुरका १० वटै स्थानीय तहमा रहेका २८ विद्यालयलाई परीक्षा केन्द्रकारुपमा तोकिएको छ ।

"उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता"

**६९ औं राष्ट्रिय सहकारी दिवस-२०८२**

**राष्ट्रिय सहकारी दिवसका कार्यक्रमहरु**

| मिति | स्थान र समय | कार्यक्रम |
|---|---|---|
| २०८२/१२/१४ | सबै सहकारी संघ/संस्थाको कार्यालयमा | यस वर्षको नारा "उद्यमशिलता र पारदर्शिता : सहकारीको प्राथमिकता" उल्लेख गरि ब्यानर राख्ने |
| २०८२/१२/१८ | बुद्धचोक हेटौंडा १० बिहान ७:०० बजे | रक्तदान कार्यक्रम |
| २०८२/१२/१९ | हिमालयन दरबार हेटौंडा १, चौकीटोल बिहान ७:०० बजे | सहकारीको वर्तमान समस्या र समाधानका उपायहरु विषयक अन्तरक्रिया |
| २०८०/१२/२० | हुप्राचौरबाट सुरुभई हिमालयन दरवार हेटौंडा १, चौकीटोल बिहान ७:०० बजे | प्रभातफेरीसहितको सहकारी दिवस समारोह |
| २०८०/१२/२० | सबै संघ/संस्थाको कार्यालयमा साँझ ७:०० बजे | सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम |

६९ औं राष्ट्रिय सहकारी दिवस २०८२
**मूल समारोह समिति, मकवानपुर**
बागमती प्रदेश, हेटौंडा

## सूचिकृत हुने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१६

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/१२/१२ को निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनको लागि नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि-२०७६ को अनूसूचि १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्युनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रकृया प्रयोजनको लागि आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सावजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजातहरु सहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा सूचिकृतको लागि निवेदन दर्ता गराउनु हुन सार्वजनिक सूचना आव्हान गरिएको छ ।

रित नपुगेको वा आवश्यक कागजातहरु संलग्न नगरिएको निवेदनलाई मान्यता दिइने छैन । प्राप्त भएका निवेदन मौजुदा सूचिमा सूचिकृत गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहने छ ।

**तपसिल** :
विषय क्षेत्र
१ सेनेटरी प्याड

**निवेदनसाथै पेश गर्नुपर्ने आवश्यक कागजातहरू** :
१. कम्पनी वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी
३. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. आ.व.२०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी

थप जानकारीको लागि सम्पर्क :
९८५५०७०९४४, ०५७४११११०, ९८५५०७४३१५

**श्री वाल उज्ज्वल माध्यमिक विद्यालय**
हेटौडा उपमहानगरपालिका-३, लेवट

## मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-४, मकवानपुर

**तपशिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/१२/१०

यस मवानपुर बचत तथा ऋण सहारी संस्था लि. हेटौंडा-४ बाट ऋण लिई करोबार गर्ने तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जा बापत बुझाउनु पर्ने साँवा ब्याज तथा अन्य दैदस्तुर समेतको, रकम भाखाभित्र नबुझाई नतिरी कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेको बारम्बार ताकेता तथा व्यक्तिगत सम्पर्क राखी ऋण तिर्न जानकारी गराउँदा समेत ऋणीले ऋण तिर्न वास्ता नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने बाँकी रहेको रहेको सम्पूर्ण साँवा ब्याज दैदस्तुर समेतको रकम बुझाई कर्जा चुक्ता गर्नुहोला अन्यथा तपाई ऋणीहरुले सुरक्षण बापत लेखिलेखाई दिनु भएको चल अचल सम्पत्ति सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ बमोजिम लिलाल बिक्री गरी कर्जा असुल उपर गरिने छ । साथै लिलाम विक्रीबाट कर्जाको साँवा ब्याज तथा हर्जना असुलउपर नभएमा ऋणी स्वयं र जमानत दिने व्यक्तिहरुको चल अचल सम्पत्तिबाट कानूनबमोजिम असुल उपर गरिने हुँदा धितो तथा जमानी दिनुहुने महानुभावहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | कर्जा नं. | ऋणीको नाम थर ठेगाना | धितो जमानी दिने नाम/ठेगाना | धितोको विवरण |
|---|---|---|---|---|
| १. | ब्यापार कर्जा ७१/८६१६/३ | **नाम** : हरि प्रसाद भण्डारी<br>बाबुको नाम : देवीप्रसाद भण्डारी<br>बाजेको नाम : बलभद्र भण्डारी<br>ना.प्र.प.नं. ८५२४९७६ गुल्मी<br>ठेगाना: साविक गुल्मी हंगा-७<br>हाल हेटौंडा-९ | **नाम** : सिता सुवेदी (भण्डारी)<br>बाबुको नाम : शिवलाल सुवेदी<br>पतिको नाम : हरिप्रसाद भण्डारी<br>ना.प्र.प.नं. ४१/१०१८/९६००७<br>ठेगाना: साविक गुल्मी हंगा-७<br>हाल: हेटौंडा-७ | सिता (सुवेदी) भण्डारीको नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ९ को कि.नं. ९६०१ को क्षेत्रफल ०-०-७ धुर जग्गा । |
| २. | ब्यापार कर्जा ७१/९३३४/९ | **नाम** : कृष्ण बहादुर घिसिङ<br>बाबुको नाम : मान बहादुर घिसिङ<br>बाजेको नाम : हस्त बहादुर घिसिङ<br>ना.प्र.प.नं. ४२/४७० मकवानपुर<br>ठेगाना: साविक नामटार-६, हाल हेटौंडा-६, हाल हेटौंडा-२ | | निजको नाममा दर्ता भई जिल्ला मकवानपुर नामटार वडा नं. ४ को कि.नं. १४२३ को क्षेत्रफल ०-१०-२-२ रोपनी जग्गा । |
| ३. | ब्यापार कर्जा ७१/९४८०/७ | **नाम** : विष्णु प्रसाद ढकाल<br>बाबुको नाम : बद्री प्रसाद ढकाल<br>ना.प्र.प.नं. ३१/२१६<br>ठेगाना: हेटौंडा-५ | **नाम** : डिल कुमारी अर्याल<br>बाबुको नाम : ओम प्रसाद अर्याल<br>ना.प्र.प.नं. ४/१७८ धादिङ<br>ठेगाना: हेटौंडा-५ | निज विष्णु प्रसाद ढकाल र डिल कुमारी अर्यालको संयुक्त नाममा दर्ता रहेको जि.म. हे.उ.म.न.पा. वडा नं. ११ को कि.नं. ११३६१ को क्षेत्रफल ०-०-११.५० धुर जग्गा । |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना